श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४१ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

नेपाल औद्योगिक विकास कर्पोरेशन ऐन, २०१६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल औद्योगिक विकास कर्पोरेशन ऐन, २०१६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल औद्योगिक विकास कर्पोरेशन (तेस्रो संशोधन) ऐन, २०४१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल औद्योगिक विकास कर्पोरेशन ऐन, २०१६ को दफा २ मा संशोधन : नेपाल औद्योगिक विकास कर्पोरेशन ऐन, २०१६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख) पछि देहायको खण्ड (ख १), (ख २) र (ख ३) थपिएका छन्:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख१) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख२) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनुपर्छ ।

(ख३) "महाप्रबन्धक" भन्नाले दफा ८ क. बमोजिम नियुक्त भएको महाप्रबन्धक सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उपदफा (४) मा रहेको "सम्वाददाताहरू" भन्ने शब्दको सट्टा "प्रतिनिधि" भन्ने शब्द राखिएको छ ।

४. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को,–

(१) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "सरकार" भन्ने शब्दको सट्टा "श्री ५ को सरकार" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "(कःख भनी)" भन्ने शब्दहरू र कोष्ठ झिकिएका छन् ।

५. मूल ऐनमा दफा ८ क. थप : मूल ऐनको दफा ८ पछि देहायको दफा ८ क. थपिएको छः–

"८क. महाप्रबन्धकको नियुक्ति : महाप्रबन्धक श्री ५ को सरकारले नियुक्त गर्नेछ र निजको सेवाको शर्त श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ ।"

६. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) समितिमा देहायका सदस्यहरू रहनेछन् :–

(क) श्री ५ को सरकारबाट मनोनीत एक जना व्यक्ति – अध्यक्ष

(ख) शेयरवालाहरूको साधारण सभाद्वारा निर्वाचित चार जना व्यक्तिहरू – सदस्य

(ग) शेयरवालाहरूको साधारण सभाद्वारा मनोनीत उद्योग वा बैङ्किंग व्यवसायमा ख्याति प्राप्त दुई जना व्यक्तिहरू – सदस्य

(घ) महाप्रबन्धक – सदस्य-सचिव"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) महाप्रबन्धकबाहेक अरू सदस्यहरूको कार्य अवधि दुई वर्षको हुनेछ र निजहरू पुनः निर्वाचित वा मनोनीत हुन सक्नेछन् ।"

७. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(घ) निगमसँगको ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संलग्न भएको वा निगमबाट ऋण प्राप्त गरेको कुनै उद्योग वा कम्पनीको हिस्सेदार वा शेयर-वाला भएको ।

तर त्यस्तो कुनै पब्लिक कम्पनीको अल्पमतको शेयर लिएकोमा यस खण्डले बाधा पुऱ्याएको मानिनेछैन ।"

८. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को उपदफा (१) को खण्ड (ख) मा रहेको "सभामा" भन्ने शब्दको सट्टा "बैठकमा" भन्ने शब्द राखिएको छ ।

९. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ मा "मेहनताना" भन्ने शब्द प्रयोग भइरहेका ठाउँहरूमा त्यसको सट्टा "बैठक भत्ता" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल ऐनको दफा १५ मा संशोधन : (१) मूल ऐनको दफा १५ को,–

(१) शीर्षक तथा उपदफाहरूमा रहेको "सभा" भन्ने शब्दको सट्टा "बैठक" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (४) मा प्रयोग भएको "सचिव" भन्ने शब्दको सट्टा "महाप्रबन्धक" भन्ने शब्द राखिएको छ ।

(३) उपदफा (५) मा रहेको "समितिको सेक्रेटरीलाई" भन्ने शब्दहरूको सट्टा "महाप्रबन्धकलाई" भन्ने शब्द राखिएको छ ।

११. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को उपदफा (२) को खण्ड (ग) मा रहेको "कर्पोरेशनको कुनै अधिकृतलाई वा निजमार्फत निजका अधिकृत सहायकहरू वा अरू कुनै व्यक्तिलाई सुम्पन्न सक्छ" भन्ने वाक्यांशको सट्टा "अध्यक्ष, सञ्चालक, सञ्चालकहरूको उप-समिति, महाप्रबन्धक वा अरू कुनै अधिकृतलाई सुम्पन सक्नेछ" भन्ने वाक्यांश राखिएको छ ।

१२. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः–

"१८. सञ्चालक र कर्मचारी उपर प्रतिबन्ध : सञ्चालक वा निगमको कर्मचारीले निगमसँगको ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संलग्न हुनु हुँदैन र निगमबाट ऋण प्राप्त गरेको कुनै उद्योग वा कम्पनीको हिस्सेदार वा शेयरवालासमेत हुन पाउनेछैन ।

तर सञ्चालक र कर्मचारीले त्यस्तो कुनै पब्लिक कम्पनीको अल्पमतको शेयर लिनमा यस दफाले कुनै बाधा पुऱ्याएको मानिनेछैन ।"

३५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को,–

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) उद्योगधन्दाहरूले नेपाल अधिराज्य वा विदेशका व्यापारिक बैङ्क वा अन्य कुनै वित्तीय संस्थाबाट लिने ऋणमा निगमले निर्धारण गरेको शर्तनामाबमोजिम जमानत बस्ने,

तर विदेशका व्यापारिक बैङ्क वा अन्य वित्तीय संस्थाहरूबाट लिइने ऋणको जमानत बस्दा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।"

(२) खण्ड (घ) मा रहेको "प्रसार" भन्ने शब्दको सट्टा "प्रचार गर्ने" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः–

"(च) औद्योगिक विकास गर्ने हेतुले स्वदेशी उद्योगधन्दाको शेयर, स्टक, बण्ड वा डिवेन्चर खरीद बिक्री गर्ने तथा निगमले निर्धारण गरेको शर्तनामाबमोजिम शेयर अण्डरराईट गर्ने तथा वित्तीय संस्थाहरूसँग आपसी धितो विभाजित (पारिपासू) गर्न सक्ने ।"

(४) खण्ड (छ) मा रहेको "प्रिफर्ड शेयर" भन्ने शब्दहरूको सट्टा "अग्राधिकार शेयर" भन्ने शब्दहरू राखिएका छन् ।

(५) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः–

"(झ) श्री ५ को सरकारले माग गरेको बखत आर्थिक र औद्योगिक विषयको सल्लाह उपलब्ध गराउने र उद्योगीहरूलाई औद्योगिक विकास र प्राविधिक कुरामा पथ प्रदर्शन गर्ने ।"

१४. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को,–

(१) उपदफा (१) मा रहेको "आवश्यकतानुसार शर्तसमेत" भन्ने शब्दहरूपछि "राखी लिखत" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपदफा (३) मा रहेको "र त्यसको १ प्रति मूल तमसुकसाथ राख्नलाई स्थानीय रजिष्ट्रेशन अफिसमा दर्ता गराई राख्नुपर्छ" भन्ने वाक्यांश झिकिएको छ ।

१५. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) कुनै उद्योगधन्दाले सम्झौता अनुसार निगमलाई बुझाउनु पर्ने कुनै ऋण रकम वा कुनै साप्टी, पेस्की वा त्यस्तो कुनै किस्ता वा सो बापतको व्याज वा जरीवाना समयमा नबुझाएमा वा निगमसँग भएको लिखतको शर्तहरू पालना नगरेमा भाखाको अवधि नपुगे पनि निगमले ऋणी उद्योगको व्यवस्था-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पन र आर्थिक कारोवारमा नियन्त्रण गरी वा उक्त उद्योगले निगमसँग धितो बन्धकी जमानी राखेको सम्पत्ति कब्जा गरी भोगचलन गर्न वा लीलाम बिक्री गरी आफ्नो लिनु पर्ने सबै रकम असूल उपर गर्न सक्नेछ ।"

१६. मूल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ को खण्ड (ख) मा रहेको "ठेक्का पट्टाका" भन्ने शब्दहरूको सट्टा "सम्झौताका" भन्ने शब्द राखिएको छ ।

१७. मूल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) निगमको कोषको सबै रकम समितिले तोकेको बैङ्कमा जम्मा गरिनेछ ।"

१८. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः–

"२९. नीति निर्देशन पालना गर्नु पर्ने : (१) श्री ५ को सरकारले निगमलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु निगमको कर्तव्य हुनेछ ।

(२) श्री ५ को सरकारले जारी गरेको औद्योगिक नीतिको अधीनमा रही निगमले आफ्नो कार्य सञ्चालन गर्नु पर्नेछ ।"

१९. मूल ऐनमा दफा २९ क. थप : मूल ऐनको दफा २९ पछि देहायको दफा २९ क. थपिएको छः–

"२९ क.दस्तूर नलाग्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निगमले ऋण दिंदा गरिने कुनै पनि लिखतमा रजिष्ट्रेशन दस्तूर वा आय टिकट दस्तूर लाग्नेछैन ।"

२०. मूल ऐनको दफा ३१ मा संशोधन : मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएको छः–

"३१. दण्ड सजाय : (१) कुनै सञ्चालक वा कर्मचारीले दफा १८ को उल्लङ्घन गरेमा निजलाई पाँच हजार रूपैयाँसम्म जरीवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) यस ऐन अन्तर्गत निगमले दिएको ऋण वा सुविधाको निमित्त निगमसंग धितो राखिएको वा राख्न लागेको कुनै बील अफ लेडिङ, गोदाम रसीद वा अरू कुनै कागजातमा कसैले जानी जानी झुट्टा व्यहोरा पारेमा वा पार्न लगाएमा त्यस्तो व्यक्तिलाई दुइ हजार रूपैयाँसम्म जरीवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) कसैले दफा २८ अन्तर्गत नियुक्त भएको निरीक्षकलाई निजको कामकाजमा बाधा विरोध गरेमा वा निजले जाँच्न चाहेको खाता वा कागजपत्र

३१७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै मनासिव कारण विना जाँच्न नदिएमा वा जाँच्न दिने काममा लापरवाही देखाएमा निजलाई एक हजार रूपैयाँसम्म जरीवाना हुनेछ ।

(४) कसैले निगमको लिखित स्वीकृति नलिई कुनै विवरणपत्र वा विज्ञापनमा निगमको नाम प्रयोग गरेमा निजलाई एक हजार रूपैयाँसम्म जरीवाना वा ६ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।"

२१. मूल ऐनको दफा ३२ मा संशोधन : मूल ऐनको दफा ३२ को उपदफा (२) को खण्ड (झ) र (ट) को सट्टा देहायको खण्ड (झ) र (ट) राखिएका छन्:–

"(झ) यस ऐन अन्तर्गत प्रयोगमा ल्याइने विवरणको फारामहरूको ढाँचा ।

(ट) निगमका कर्मचारीहरूका निमित्त सञ्चयकोष तथा कल्याणकारी कोषको स्थापना र सञ्चालन ।"

२२. रूपान्तर : मूल ऐनमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखिएका छन्:–

(क) "कर्पोरेशन" को सट्टा "निगम"

(ख) "कोरम" को सट्टा "गणपूरक संख्या"

(ग) "मिनेट" वा "माइन्यूट" को सट्टा "निर्णय पुस्तिका"

(घ) "शेयरहोल्डर" को सट्टा "शेयरवाला"

(ङ) "धरौटी" को सट्टा "धितो"

(च) "अडिट" को सट्टा "लेखापरीक्षण"

(छ) "अडिटर" को सट्टा "लेखापरीक्षक"

(ज) "इन्स्पेक्टर" को सट्टा "निरीक्षक"

(झ) "सल्लाहकार कमिटी" को सट्टा "सल्लाहकार समिति ।"

२३. खारेजी : मूल ऐनको दफा १३ खारेज गरिएको छ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४१।४।२४।४

३५८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।